१२४५।८९६

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३२८/०७१/०७२

निर्णय नं. ८६७

जिल्ला बारा, दोहोरी-८ स्थायी घर भई हाल क.न.पा.-५ बारा बस्ने प्रवेज अन्सारी..............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, कलैया, बारा.....................................................१ विपक्षी
सूचना अधिकारी, शिक्षा कार्यालय, कलैया, बारा ..............................................................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला बारा, दोहोरी-८ स्थायी घर भई हाल क.न.पा.-५ बारा बस्ने.प्रवेज अन्सारीले जिल्ला शिक्षा कार्यालय, कलैया, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।११।२८ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।११।२९ को पत्रबाट जिल्ला शिक्षा कार्यालय, कलैया, बारालाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वयंले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ जेठ १८ गते रोज ३ शुभम्